# लोक सेवा आयोगको सूचना

## केन्द्रीय कार्यालय, अनामनगर

### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं. ५१२/०७३-०७४**

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७३/८/१०)**

यस आयोगको लागि आ.व. ०७३-७४ मा आवश्यक पर्ने कार्यालय सामान तथा मसलन्द/उत्तरपुस्तिका पहिलो पटक प्रकाशित र पिउने पानी (Drinking water) को दोश्रो पटक बोलपत्र/सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त र इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ठेक्का नं. ३ र ४ को हकमा ३० औं दिन र ठेक्का नं. २ को हकमा १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७१-७२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी ठेक्का नं. ३ र ४ को हकमा रु १०००।- (फिर्ता नहुने गरी) र ठेक्का नं. २ को हकमा ३००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस आयोगको भण्डार शाखा तथा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट खरिद गर्न सकिने छ।

२. खरिद गरिएको बोलपत्र/दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ठेक्का नं. ३ र ४ को हकमा ३१ औं दिन र ठेक्का नं. २ को हकमा १६ औं दिनको १२.०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरी बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरी सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस आयोगको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ। सो सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता/दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधीहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता/दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्रकर्ताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ठेक्का नं. ३ र ४ को हकमा १२० दिन र ठेक्का नं. २ को हकमा ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

५. दररेट अक्षर र अंक दुबैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. म्याद नाघि आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखि पेश गरेको सिलवन्दी बोलपत्र/दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन।

७. बोलपत्र/दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित) तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन्।

८. बोलपत्र/दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

९. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ। बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको स्टोर शाखामा आई बुझ्न सकिनेछ।

१०. प्रत्येक ठेक्का नं. को फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नुपर्नेछ। यस सम्वन्धी सूचना आयोगको website www.psc.gov.np मा हेर्न सक्नुहुनेछ।

### तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दस्तुर (रु. मा) | जमानत रकम (रु. मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/०७३-७४ | पिउने पानी (Drinking water) खरिद | ३००।- | २०,०००।- | पुनः प्रकाशित |
| २ | ३/०७३-७४ | कार्यालय समान तथा मसलन्द खरिद | १०००।- | ८१,०००।- | - |
| ३ | ४/०७३-७४ | उत्तरपुस्तिका खरिद | १०००।- | ३४,०००।- | - |

**Website:www.psc.gov.np**